जलजला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## महिला तथा बालबालिका शाखा

लामाखेत, पर्वत

प सं-०८१/०८२

च नं -

गण्डकी प्रदेश, नेपाल

मिति २०८१।१०।२१

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी जलजला गाउँपालिका लामाखेत पर्वतको सूचना;**

**प्रथम पटक प्रकाशित मिति २०८१।१०।२१**

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको लागि विपन्न महिला, कोभिड -१९ प्रभावित महिला, एकल महिला, हिंसा पिडित महिला, परिवारमा कृषि वाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारको महिलाहरुको जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम संचालनको लागि नियमानुसार दर्ता भएका संघ/संस्थाहरुले जीविकोपार्जन सुधार कार्यक्रमको लागि कृषि तथा पशुपालन क्षेत्र पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची -२ बमोजिमको ढाँचामा उक्त मापदण्डको दफा १० बमोजिमको कागजात संलग्न गरी प्रस्तावना तयार गरी यो सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र यस जलजला गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय, लामाखेत पर्वतमा प्रस्तावना पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।रीत पुर्वक दर्ता नभएका र समय भित्र पेश हुन नआएका प्रस्ताव उपर कुनै कार्वाही गरिने छैन ।

**सञ्चालन गर्ने कार्यक्रम ;**

| क्र स | कार्यक्रम | लक्षित समुह | लक्ष्य | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्षित समूहलाइ सिप तथा व्यवसायिक तालिम | उद्यमी महिला/ उद्यमी समूह | २५ जना | ५ दिन | |

**प्रस्तावनामा संलग्न हुनुपर्ने विवरणहरु/कागजातहरु;**

- संस्थाको विधान, परिचय, उदेश्य कार्यक्रम सञ्चालन प्रक्रिया भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण,
- प्रस्तावित व्यवसायको अवधारणपत्र, व्यवसायको क्षेत्र, तालिम अवधि / स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आर्थिक वर्षको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
- अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन,
- प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
- कालो सूचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्व;घोषणापत्र ।
- प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वन कार्ययोजना सहित प्रस्तावना पेश गर्नुपर्नेछ ।
- प्रस्ताव राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ अनुसार हुनु पर्नेछ।

२०८१/१०/२१

प्रदिप पौडेल

प्रमुख प्रशासकीय अधिकृत



CamScanner